जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday
@gmail.com

बर्ष ११ • अंक २२२ • २०८१ जेष्ठ २० गते आईतवार • 2 Jun. 2024 • पृष्ठ ४ • मुल्य रु.५/-

## सहिद परिवारहरूद्वारा राज्यबाट पाउनुपर्ने सुविधाहरू नपाएको गुनासो



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १९ जेष्ठ

विभिन्न आन्दोलनको क्रममा आफन्त गुमाएका सहिद परिवारहरूले राज्यबाट आफूहरूले पाउनुपर्ने सेवा तथा सुविधाहरू नपाएको गुनासो गर्नुभएको छ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालय अन्तर्गत रहेको मधेशी सहिद प्रतिष्ठानले आज महोत्तरी जिल्लाको बर्दिबासमा जनआन्दोलन तथा द्वन्दपीडित परिवारसँग आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहिद परिवारका सदस्यहरूलाई राज्यले स्थायी रोजगारी दिनुपर्ने माग गरिएको छ। मधेश प्रदेशका विभिन्न जिल्लाहरूबाट जम्मा हुनुभएका सहिद परिवारहरूले देशमा विभिन्न परिवर्तनका लागि आफ्ना आफन्तहरूले ज्यान गुमाए पनि त्यसपछि भएको राजनीतिक परिवर्तनपछि राज्यको तर्फबाट पाउनुपर्ने सेवा तथा सुविधा नपाएको बताउनुभयो। मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयका सचिव विरेन्द्र प्रसाद यादवले मधेशी सहिद प्रतिष्ठानले विभिन्न आन्दोलनको क्रममा शहादत दिएका परिवारलाई राहत दिने काम गरेको बताउँदै यस पटक राहतका लागि आएको बजेट अपुग भएकाले वितरण नगरेको बताउनुभयो।

उहाँले मधेश प्रदेश सरकारको तर्फबाट दिने सहयोग क्षतिपूर्ति नभई राहत भएको बताउँदै यस वर्ष राहत रकम वितरण नगरे पनि अर्को पटक वितरण गर्ने बताउनुभयो। अध्यक्षको आसनबाट बोल्दै मन्त्रालयका उपसचिव उत्तम प्रसाद खरेलले मधेश प्रदेश सरकारले सहिद प्रतिष्ठान मार्फत हालसम्म ११ करोड ५० लाख राहत रकम वितरण गरेको बताउनुभयो। उहाँले स्थायी जागिर दिने कानून नै संशोधन आवश्यक भएको बताउनुभयो।

## मुख्यमन्त्रीद्वारा मोरहा पक्की बाँधको निरीक्षण

जलेश्वरटुडे समाचारदाता
धनुषा, १९ जेष्ठ



मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले रु १० करोडको लागतमा निर्माण भइरहेको जमुनी सिँचाइ आयोजना अन्तर्गत मोरहा पक्की बाँधको निरीक्षण गरेका छन्।

प्रदेश सरकारको लगानीमा समपुरक अनुदानअन्तर्गत हंसपुर नगरपालिका वडा नं ४ र ९ मोरहामा निर्माणाधीन उक्त आयोजनाको सतर्कता केन्द्रको टोलीसहित मुख्यमन्त्री यादवले आज निरीक्षण गरेका हुन्। करिब रु २२ करोड ५३ लाख २३ हजारको कूल लागतमध्ये रु १० करोड ७४ लाख ५४ हजार आठ सय ६६ मा ठेक्का साकार भई निर्माणाधीन उक्त पक्की बाँधको काम समयमा पूरा नहुने देखेपछि मुख्यमन्त्री यादवले सो निरीक्षण गरेका हुन्। निरीक्षणको क्रममा मुख्यमन्त्री यादवले बाँध निर्माणको कार्यलाई तीव्रता दिन ठेक्केदार कम्पनीलाई निर्देशन दिएका छन्। एक हजार एक सय ६८ हेक्टर भूमि सिञ्चित हुने उक्त बाँधबाट १० गाउँका करिब एक हजार छ सय ५० परिवार लाभान्वित हुनेछन्।

अनुगमनमा सङ्घीय सांसद रामकृष्ण यादव, अनिता साह, प्रदेश सांसद रामआशिष यादव, सतर्कता केन्द्रका सचिव रामआधार साहसहित लगायत सम्बन्धित मन्त्रालय एवं कार्यालयका प्रतिनिधिहरूको सहभागिता थियो। बाँधको निरीक्षणपछि मुख्यमन्त्री यादवले कृषिको विकासविना मधेसको विकास सम्भव नहुने भएकाले मधेस सरकार कृषिसम्बन्धी आयोजनालाई प्राथमिकतामा राखेर काम गरिरहेको बताए।

## जनकपुरधाममा "श्रमाधान रोजगार मेला" सुरु

जलेश्वरटुडे समाचारदाता
धनुषा, १९ जेष्ठ

जनकपुरधाममा 'श्रमाधान रोजगार मेला' सुरु भएको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा उक्त मेला आयोजना गरिएको हो।

दुई दिनसम्म चल्ने उक्त मेला श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, मधेस प्रदेश र जनकपुरधाम उपमहानगरपालिकाले संयुक्त रुपमा आयोजना गरेको हो। मेलाको नेपाल उद्योग परिसङ्घले संयोजन गरेको हो। श्रम, रोजगार तथा सामाजिक



सुरक्षा मन्त्रालयका उपसचिव एवं मेलाका मधेस प्रदेश संयोजक दीपेन्द्र पौडेलका अनुसार मेलामा रोजगारी सहितका कक्ष रहने छन्। कामको खोजीमा रहेका युवाको अन्तर्वार्ता रोजगारदाताले मेलामै लिने र आवश्यक परेको जनशक्तिलाई रोजगारीको अवसर दिनेगरी मेलाको तयारी गरिएको उनले बताए। मेलामा श्रम तथा रोजगारसँग सम्बन्धित सरकारी निकायको कक्ष, रोजगारदाता, म्यानपावर व्यवसायी तथा विभिन्न सामाजिक संस्था लगायतका ३५ भन्दा बढी कक्ष रहनेछन्।

कामको खोजीमा रहेका युवालाई लक्षित गर्दै सीपसँग सम्बन्धित तथा रोजगारीमा जोड्ने रोजगार परामर्श स्टल तथा विभिन्न नेटवर्किङ सत्र, स्थानीय सांस्कृतिक प्रस्तुतिलगायत कार्यक्रम पनि राखिएका छन्। मेलाबाट रोजगारदाता र श्रमिकमा उत्साह थपिने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

## सूचना




हंसपुर नगरपालिकाको कार्यालय, धनुषा

## सूचना




औरही गाउँपालिकाको कार्यालय, धनुषा



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# इतिहास संशोधनको औचित्य छ

*विगतका घटनाको खोजी र त्यसको सप्रमाण प्रस्तुति नै इतिहास हो । इतिहासले यथाशक्य लिखित प्रमाण खोज्छ । आधुनिकतासँगै श्रव्य, श्रव्यदृश्य तथा फोटोग्राफीको व्यापक प्रचलन भएकाले अब यी सामग्री पनि इतिहासको प्रमाणका रूपमा स्थापित भएका छन् । प्राचीनकालका शिलालेख, ताम्रपत्र, लालमोहर, रुक्का, सनद, इस्तिहार, वंशावली, तिथ्यावली आदि इतिहासका पुरानो प्रचलनका स्रोत हुन् । नेपाल राजनीतिक रूपमा कहिले अस्थिर र सङ्क्रमणकालीन त, कहिले तानाशाही र अन्धकार युगमा रह्यो । इतिहास लेखनका लागि लामो समय कुर्न पर्ने अवस्था भयो । विडम्बना के भने नेपालको इतिहास पनि सबैभन्दा पहिले विदेशीले लेखिदिनु पर्ने अवस्था देखा पर्न गयो ।*

*नेपालको प्राचीन इतिहासको मूल स्रोत लिच्छविकालमा राखिएका शिलालेख हुन् । राणाशासनको समय यी शिलालेख पढेर त्यसलाई प्रकाशनमा ल्याउनु पनि नेपालीका लागि कठिन कार्य थियो । राणाकालमै बाबुराम आचार्यले स्वयम्भूको शिलालेख पढेर त्यहाँ उल्लेख गरिए अनुसार 'नेपालमा भएका मुसलमानी आक्रमण' लेख लेख्दा त्यो लेखको पाण्डुलिपि पढेर तत्कालीन दक्षिण कम्याण्डिङ जनरल केशरशमशेरले आचार्यलाई हप्काएका थिए । यस्ता यस्तै प्रतिकूल परिस्थितिबाट नेपालको इतिहास लेखन अगाडि बढेको हो ।*

*बहादुर शाहको नायवीकालमा उनकै निमन्त्रणामा इष्ट इन्डिया कम्पनीका तत्कालीन सैन्य अधिकारी विलियम कर्कप्याट्रिक विसं १८४९ नेपाल आएका थिए । उनलाई पाहुनाका रूपमा सत्कार गरेर एक महिना नुवाकोटमा राखिएको थियो । इतिहास लेखन एक पटक लेखेर टुङ्गिने विषय पनि होइन, यो नदी जस्तै निरन्तर बगिरहन्छ । इतिहास संशोधनले इतिहास लेखनको प्रवाहलाई गति प्रदान गर्छ । यसले नयाँ अनुसन्धान गर्नेहरूका लागि उत्साह पनि पैदा गर्छ । त्यसैले इतिहास संशोधन औचित्यपूर्ण रहेको छ ।*


**मिथिला बिहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तारापट्टी, धनुषा**

***नगरबासीहरूमा जानकारी मूलक सन्देश***

- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत‍ै फोहरमैला नफालौं ।
- बसोबास स्थल, टोलका व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक कामकारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घरआँगनबाट उत्पन्न हुने फोहरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहेर नगरौं । फोहेर बोक्ने गाडी आएको बखत मात्र फोहेर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालनपालन र शिक्षादीक्षामा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ताअन्तर्गत जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

**औरही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**

***नगरबासीहरूमा जानकारी मूलक सन्देश***

- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातत‍ै फोहरमैला नफालौं ।
- बसोबास स्थल, टोलका व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक कामकारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घरआँगनबाट उत्पन्न हुने फोहरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहेर नगरौं । फोहेर बोक्ने गाडी आएको बखत मात्र फोहेर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालनपालन र शिक्षादीक्षामा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ताअन्तर्गत जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।


# दुग्ध उत्पादनमा जोड दिनुपर्ने

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १९ जेष्ठ**

मधेश प्रदेशमा व्यापक मात्रामा पशुपालन गरिए पनि दुग्ध उत्पादन कम भएकाले दुग्ध उत्पादन बढाउने किसिमले राज्यले नीति निर्माण गर्नु पर्नेमा सरोकारवालाले जोड दिनुभएको छ । विश्व दुग्ध दिवसको आसवरमा मधेश प्रदेश दुग्ध विकास बोर्डले शनिबार जनकपुरधाममा गरेको कार्यक्रममा बोल्ने वक्ताले सो कुरामा जोड दिनुभएको हो ।

वक्ताहरूले पशुपालन व्यवसाय गर्दा दुग्ध उत्पादन बढाउने गरी अघि बढ्न मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग आग्रह गर्नुभयो । कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले दुग्ध उत्पादन, प्रशोधन तथा बजारीकरणमा प्रदेश सरकार अघि बढेको बताउनुभयो । उहाँले मानव स्वास्थ्यका लागि दुग्ध अति आवश्यक भएकाले दुग्धको उत्पादन बढाउने गरी मन्त्रालयले दुग्ध विकास बोर्ड गठन गरेको जानकारी दिनुभयो ।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना क्लष्टर इकाई धनुषाका प्रमुख युगलकिशोर तिवारीले दुग्ध उत्पादनले ग्रामीण क्षेत्रको अर्थतन्त्रलाई चलायमान बनाउने गरेको भन्दै गाउँमा उत्पादन भएको दुग्ध सहरमा आउने र सहरको रकम गाउँमा पुग्ने किसिमको वातावरण निर्माण हुनु पर्नेमा जोड दिनुभयो । मधेश प्रदेशका दुग्ध विकास बोर्डका निर्देशक शङ्कर साहले मधेश प्रदेशमा मागभन्दा कम दुग्ध उत्पादन रहेको भन्दै दुग्ध उत्पादन बढाएर किसानको आर्थिक अवस्था मजबुत बनाउन जरुरी रहेको बताउनुभयो । मधेश प्रदेशमा १२ लाख मेट्रिक टन दुग्ध उत्पादन हुने गरेको जानकारी गराउनुभयो । औसत रूपमा नेपालमा प्रतिव्यक्ति ८५ लिटर दुग्ध खपत भए पनि मधेश प्रदेशमा प्रतिव्यक्ति ७१ लिटर खपत मात्र रहेको दुग्ध विकास बोर्डका उपाध्यक्ष डा. शम्भु साहले जानकारी दिनुभयो ।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक खर्चको संभावना
कर्कट: मित्रतामा फाटो आउने
सिंह: मनमा पछुतो आउने
कन्या: शुभ कार्यको शुरुवात
तुला: पिछडेको साथी मिल्ने
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: खानपानमा समस्या आउने
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन:आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# चीनलाई रातो रेखा पार नगर्न फिलिपिन्सको चेतावनी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ जेष्ठ



फिलिपिन्सका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले चीनलाई दक्षिण चीन सागरमा रातो रेखा पार नगर्न चेतावनी दिएका छन्। दक्षिण चीन सागर क्षेत्रमा चीन र फिलिपिन्सबिच द्वन्द्व बढ्दै गएको छ । राष्ट्रपति मार्कोस जुनियरले शुक्रबार यदि कुनै चिनियाँ कार्यले एक फिलिपिन्स नागरिकको पनि मृत्यु हुन्छ भने, फिलिपिन्सले यसलाई 'युद्धको कार्य' मान्ने र सोही अनुसार प्रतिक्रिया दिने बताएका हुन्। राष्ट्रपति मार्कोस जुनियरले सिङ्गापुरमा विश्वका धेरै देशका रक्षा मन्त्रीहरूको सहभागिता रहेको एक सुरक्षा मञ्चमा बोल्दै थिए । यसमा अमेरिकी रक्षामन्त्री लोयड अस्टिन पनि संलग्न थिए।

अमेरिकी रक्षामन्त्रीले यो क्षेत्र अमेरिकाका लागि महत्त्वपूर्ण रहेको र एसिया सुरक्षित भए मात्रै अमेरिका पनि सुरक्षित हुने बताए। हालैका महिनाहरूमा, दक्षिण चीन सागरमा दावीलाई लिएर चीन र फिलिपिन्स बिचको तनाव बढ्दै गएको छ, धेरै मुद्दाहरूमा टकराबको बिन्दुमा पुगेको छ।

# छ महानगरलाई संघीय सरकारको १३ अर्ब ७३ करोड बजेट

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ जेष्ठ




नेपालका महानगरपालिकाहरुले संघीय सरकारबाट ११ अर्ब ७३ करोड रुपैयाँ बजेट पाएका छन्। समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानतर्फ गरी आर्थिक वर्ष २०८१ ८२ का लागि सो बराबरको बजेट प्राप्त गरेका हुन् । उक्त रकममध्ये समानीकरण अनुदानतर्फ २ अर्ब ५५ करोड ७० लाख रुपैयाँ विनियोजन भएको छ।

त्यस्तै, सशर्त अनुदानतर्फ ८ अर्ब ८७ करोड ५० लाख रुपैयाँ र विशेष अनुदानतर्फ १८ करोड १० लाख र समपूरक अनुदानतर्फ ११ करोड ७५ लाख रुपैयाँ बजेट विनियोजन भएको छ । संघीय सरकारले यो वर्ष सबै शीर्षकमा चालु र पूँजीगत प्रकृतिको बजेट छुट्याएर पठाएको छ। त्यसमध्ये चालुतर्फ ९ अर्ब २९ करोड ७६ लाख र पूँजीगततर्फ २ अर्ब ४३ करोड २९ लाख रुपैयाँ विनियोजन भएको छ। संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई अधिकतम पाँच शीर्षकमा रकम जान्छ । पहिलो राजश्व बाँडफाँट हो जुन आन्तरिक मूल्य अभिवृद्धि कर तथा अन्तशुल्कमा आधारित हुन्छ । यसको १५ १५ प्रतिशत रकम प्रदेश र स्थानीय तहमा वितरण हुने व्यवस्था छ। त्यसबाहेक रोयल्टी लगायतका रकमका २५ २५ प्रतिशत रकम प्रदेश र स्थानीय तहमा जाने व्यवस्था छ।




जनकनन्दिनी गाउँपालिकाको कार्यालय, धनुषा

कामनी व्यूटी पार्लर
यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।
सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी


# अजय र सन्नी स्टारर 'सन अफ सरदार २' को रिलिज डेट तय

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ जेष्ठ




'सन अफ सरदार' सन् २०१२ मा रिलीज भएको अजय देवगनको कमेडी र एक्शनले भरिएको फिल्म थियो । दर्शकले चलचित्रलाई निकै मन पराएका थिए ।

त्यसैले 'सन अफ सरदार २' अजय देवगनको बहुप्रतिक्षित फिल्म मध्ये एक हो । यस पटक अजय देवगनसँगै सनी देओल पनि चलचित्रमा देखिनेछन् । फिल्मलाई पञ्जाबी फिल्ममेकर विजय कुमार अरोराले निर्देशन गर्नेछन् ।

अहिले चलचित्रको प्रि-प्रोडक्सनको काम भइरहेको छ । अब यसको रिलिज मिति पनि तय भएको छ । प्रसिद्ध चलचित्र समीक्षक तरण आदर्शले ट्वीट गर्दै यसको जानकारी दिएका छन् । उनले आफ्नो ट्वीटमा लेखेका छन्, 'सन अफ सरदार २ को रिलिज मिति घोषणा गरिएको छ । सन्नी देओल र अजय देवगनको फिल्मले २०२५ को दिपावलीमा बक्स अफिसमा धमाका गर्नेछ। मृणाल ठाकुर पनि मुख्य भूमिकामा देखिनेछिन् ।'

# कोहलीको आलोचना गर्दा समर्थकबाट ज्यान मार्ने धम्की आएको क्रिकेट कमेन्टेटरको गुनासो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ जेष्ठ



नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान रोहितकुमार पौडेलले टेस्ट मान्यताप्राप्त टिमलाई हराएर नेपाल पनि सक्षम छ भन्ने सन्देश दिने बेला भइसकेको बताएका छन्। शनिवार अमेरिकामा अभ्यासका क्रममा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले यस्तो बताएका हुन्। पौडेलले टेस्ट मान्यताप्राप्त टिमलाई हराएर नेपाल पनि सबै किसिमबाट सक्षम टिम हो भन्ने सन्देश विश्वकपमा दिने बताए । उनले आफूहरू विश्वकपका लागि उत्साहित रहेको समेत बताए।

उनले करिब २५ दिनेदेखि नेपाली टोलीले वेस्टइण्डिज र अमेरिकामा अभ्यास गरिरहेको भन्दै अब विश्वकपका लागि सबै किसिमले तयारी भइसकेको बताए। पौडेलले राम्रो खेलेर समर्थकहरूलाई उपहार दिने समेत दाबी गरे। 'विश्वकपका लागि एकदमै एक्साइटेड छौं। २५ दिनदेखि बाहिर नै छौं । विश्वकप नजिकिँदै गर्दा एक्साइटेड झनै बढिरहेको छ। अभ्यास गरिरहेका छौं । हामी तयारीमा छौं । सबै जना साथमा हुनुहुन्छ' उनले भने, 'बेस्ट क्रिकेट खेलेर हामी खुसी दिनेछौं । नेपाललाई अमेरिकामा सपोर्ट छ। राम्रो खेलेर हामी सबैको नजर तान्नेछौं । टेस्ट मान्यताप्राप्त टिमलाई हराएर हामीले हामी पनि सक्षम छौं भन्ने सन्देश दिनुपर्छ अब ।'

सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेपाली राष्ट्रिय क्रिकेट टिमका मुख्य प्रशिक्षक मोन्टी देसाईले पहिलो खेलका लागि केन्द्रित भएर अभ्यास गरिरहेको बताए । उनले सबै किसिमले अब नेपाल विश्वकप खेल्न तयार रहेको समेत बताए। यसपटक दुई वटा देशमा विश्वकप हुने भएको सो स्थानहरूको वातावरणमा भिज्न र अभ्यास गर्न नेपाल एक महिना अगाडि नै विश्वकप आयोजना हुने देशमा पुगेको र अभ्यास जारी राखेको बताउँदै उनले नेपाललाई ब्याटिङ र बलिङमा उत्कृष्टता आवश्यक रहेको भन्दै स्पिनरमा ललित र सागरले जिम्मेवारी सम्हाल्ने बताए । उनले भने, 'हामीले पहिलो गेमका लागि फोकस गरेर तयारी गरिरहेका छौं । हामी अब सबै किसिमले विश्वकपका लागि तयार छौं। नयाँ ठाउँमा केही तयारी गर्नुपर्ने हुन्छ। त्यसकै लागि हामी करिब एक महिनाअघि नै आएर यहाँ भिज्ने प्रयास गरिरहेका छौं । दुई फरक-फरक देशमा खेल छ, त्यसका लागि हामी अब तयार छौं । दीपेन्द्रसिंह ऐरी अहिले सबै किसिमले रेडी छ, अभ्यासहरू गरिरहेको छ।




बटेश्वर गाउँपालिकाको कार्यालय, धनुषा

# ‘तराईमा पानीको स्रोत जोगाउन चुरेमा जंगल बचाउनै पर्छ’

-तिब्बती र भारतीय प्लेटको टकरावले बनेको हिमालय शृङ्खलाको मुनि महाभारत पर्वत शृङ्खला छ। त्यसको ठीक मुनि चुरे क्षेत्र छ। तराईभन्दा माथि र मध्यपहाड भन्दा मुनिको पूर्व-पश्चिम फैलिएको एउटा साँघुरो भूभागलाई हामी चुरे भनेर चिन्दछौं। चुरे सबैभन्दा कान्छो पहाड हो। यो कमजोर र कमलो पनि छ। चुरेमा बलौटे माटो र स-साना ढुंगाहरू पाइन्छन्। तुलनात्मक रूपमा पश्चिममा केही कडा माटो र पहाड होला, तर पूर्वमा भने चुरे निकै कमजोर छ। चुरे नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको छ। नेपालको कुल क्षेत्रफलको १२.७८ प्रतिशत क्षेत्र चुरेले ओगटेको छ। अहिले ३७ जिल्ला चुरे क्षेत्रमा पर्छन्। चुरेको चौडाइ भने ठाउँ अनुसार फरक छ। कैलालीमा चुरेको सबैभन्दा ज्यादा फैलावट छ भने सिन्धुली लगायत आसपासका जिल्लामा कम छ। बर्दिबासबाट माथि लाग्दा सिन्धुलीको कमला नदीको केही भाग मात्रै चुरे हो। चुरे क्षेत्रमा मकवानपुरको हेटौंडा, दाङको घोराही, तुलसीपुर, उदयपुरको गाईघाट र कटारी जस्ता बजार र साना शहर पर्छन्। तराईको तुलनामा चुरेमा बढी पानी पर्छ। चुरे तराईको पानीको प्रमुख स्रोत पनि हो। त्यसैले चुरेलाई तराईको लाइफलाइन पनि भनिन्छ। पानी सोसेर पुनर्भरणको काम तराईका लागि चुरेले गरेको हुन्छ।

तराईमा पानी पर्नुको एउटा कारण चुरे पनि हो। चुरेबाट उत्पन्न भएका कतिपय खोला नदीमा अहिले पनि १२ महिना नै पानी बग्छ। तर सुख्खा बढ्यो भने त्यो पानी तलसम्म पुग्दैन। यसरी चुरेको विनाशसँगै पानीको मात्रा पनि घट्दै जाने भयो। चुरेबाट हरेक वर्ष ठूलो मात्रामा माटो, गेगर र ढुंगाहरू खोला, नदी र खहरेले बगाउँदै तल पुऱ्याएको देखिन्छ। त्यसले गर्दा पूर्व-पश्चिम राजमार्गका कैयौं सडक र पुलहरू माटोले पुरिएका छन्। पहिले नदीहरू गहिरा थिए, तर पछि पुरिँदै गएपछि फैलिएर चौडा बनेका छन्। गेगर र हिलोले कैयौं पुल र सडक पुर्ने अवस्था आएको छ। तराईका कतिपय बस्ती खोलाको सतह मुनि परेका छन्। सप्तरीको राजविराज लगायत कतिपय क्षेत्रमा नदीमा बाढी आयो कि बस्तीमा पस्ने समस्या देखिएको छ। बगेर आएको माटो र गेगरले ती नदीहरू बस्ती भन्दा पनि अग्लो भएका छन्। यसरी तराईका प्रायः नदीहरूको सतह माथि उठेको छ। नदीमा गेगर र माटो थुप्रिएपछि पानीले धार परिवर्तन गर्छ। अवरोध भएपछि पानी अर्को धारबाट बग्न थाल्छ, अनि गाउँबस्तीमा छिर्छ। कतिपय ठाउँमा पानीको धारले जमिन खोलेर पुलका पिलरहरूलाई असर गरेको छ भने कतिपयमा माटो र गेगर थपिएकाले धार परिवर्तन भएको छ। कतिपय बाँधमा माटो पुरिएकाले सिंचाइ संरचना अवरुद्ध भएको छ।

कुनै एउटा कारणले मात्रै चुरेको विनाश भएको होइन। सिरहाको बलान खोलामा आजभन्दा ३० वर्ष अगाडि सिंचाइका लागि ड्याम बनाइएको थियो। अहिले त्यो ड्याममा मानिस हिंडिरहेका छन्। कलकल पानी बग्नुपर्ने ठाउँमा अहिले बालुवाको खात छ। अहिले माथिपट्टि जथाभावी रूपमा कच्ची सडक खने, त्यसको माटो खोलामा आयो। अनि ड्याम र सिंचाइको कुलोमा बालुवा भरियो। स्थानीय सरकारले खोला तथा नदीनालामा पानी जम्मा गरेर ड्याम बनाउने र तल बग्न नदिने काम गर्नुपर्ने थियो। कमलो माटो भएकाले चुरेको माटो बढी बग्ने खालको हुन्छ। मध्यपहाडमा त्यस्तो हुँदैन, त्यहाँ पानी बगेपछि ढुंगाहरूले रोक्छन्, बलिया संरचना छन्। तर चुरेमा सानो पानी परे पनि माटो र गेगर बगिहाल्छ। चुरेमा वन र झाडीको विनाश भइरहेको छ। नांगो पहाडमा पानी पर्नासाथ त्यो जमिनमा सोसिने भन्दा पनि बग्ने क्रम बढ्छ। तर नांगिंदै गएको पहाडका कारण पुनर्भरणको सम्भावना पनि घट्दै गइरहेको छ। तराईको पानीको स्रोतलाई यथावत् राख्न पनि चुरेमा जंगल र हरियाली जोगाउनुपर्छ।

चुरेमा आज एउटा रूख काटेमा भोलि नै त्यसको असर देखिन थाल्ने होइन। तर दीर्घकालीन रूपमा भने असर देखिन्छ। वनको क्षयीकरण, जथाभावी सडक निर्माण, खनजोत आदि कारणले चुरेको कमलो माटो बगिरहेको छ। बढ्दो जनसंख्या, प्राकृतिक स्रोतमाथि बढ्दो दबाबः चुरेमा अहिले जनसंख्याको चाप बढेको छ। २० वर्षअघि ३० लाख जनसंख्या भएको ठाउँमा अहिले ५० लाख पुगेको छ। तराई क्षेत्रमा बढिरहेको जनसंख्या पनि चुरेमै आश्रित हुनेभयो। तल्लो भेगमा बस्नेहरू पनि काठ, दाउरा, पातपतिंगरका लागि चुरेमै आश्रित छन्। जनसंख्या बढेसँगै चुरेमा प्राकृतिक स्रोतमाथिको दबाब बढ्दै गयो। चुरेमा पानी कम हुनुका अनेक कारण छन्। विश्वभर जलवायु परिवर्तनको असर देखिएको छ।



अहिले सुख्खा सिजन चलिरहेको छ। केही वर्षयताको तथ्यांक हेर्ने हो भने वर्षभरिमा जति पानी पर्नुपर्ने थियो, त्यति नै पानी परिरहेको देखिन्छ। तर, पानी पर्ने अवधि घटेको छ। कम समयमा बढी पानी परेपछि नांगो पहाडबाट तत्काल रोडाढुंगा तल बग्छन्। छोटो अवधिमा मुसलधारे पानी पर्दा जमिनले जुन रूपमा पानी सोस्नुपर्ने हो, त्यो सक्दैन। चुरेमा पानीको पुनर्भरण कम भएपछि स्वतः त्यहाँ पानीका स्रोत सुक्ने भए। नेपालका खोला, नदीहरू दुई रूपमा निस्कन्छन्। एकथरी चुरे भएर निस्कन्छन्, अर्कोथरी चुरेबाट नै निस्किएका हुन्छन्। यी दुवैमा नदीजन्य पदार्थको मात्रा बढेको छ, जसले नदीको चौडाइको मात्रा बढेको छ। भिरालो क्षेत्रमा तीव्र गतिमा भूक्षय भएको छ। भिरालो क्षेत्रमा छोटो समयमा ठूलो पानी परेपछि तीव्र गतिमा तल हुत्तिन्छ, जसले ठूलो मात्रामा माटो, गेगर र साना ढुंगा बगाउँछ। अहिले तराईका कतिपय नदी र खोलाहरूबाट रोडा-ढुंगा लगायत नदीजन्य पदार्थ निकाल्ने गरिएको छ। नदीजन्य पदार्थ खोलानालाबाट निकाल्नुपर्छ, निकालिएन भने समस्या देखिन्छ।

अहिले तराईका कतिपय गाउँहरू नदीको सतह भन्दा तल पुगेका छन्। नदी माथि पुगेको छ, गाउँ तल छ।

*सांभारः अनलाईन खबर।*


**पत्रिका/पेपर**

**कम्प्यूटराज गराउन सम्झनुहोस।**





सम्पर्क -: दिलीप कुमार साह :-

मो.नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला



## सूचना




**बलवा नगरपालिकाको कार्यालय, महोत्तरी**



## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं। समयमा कर तिरौं, जरिवानाबाट बचौं।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं। सदैब चर्पीको प्रयोग गरौं।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं। व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं।

**रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी**



## सूचना




**पिपरा गाउँपालिकाको कार्यालय, महोत्तरी**



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम

प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७

Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday